# शीर्षक : कोरोनासँगै पर्यटन

चीनको वुहान प्रान्तबाट सुरु भएको कोरोना भाइरस कोभिड-१९ का कारण सिंगो विश्व नै सन्त्रस्त भएको छ। यसको प्रभाव आम नागरिकको जनजीवन र विश्व अर्थतन्त्रमा प्रत्यक्ष रुपमा परेको छ। शिक्षा, स्वास्थ्य, उद्योग, वाणिज्य, व्यापार, यातायात, सूचना तथा सञ्चार लगायतका सबै क्षेत्रमा ठूलो असर पारेको यस महामारीले पर्यटन क्षेत्र त झन तहसनहस नै बनाएको छ। सामान्य अर्थमा पर्यटन शब्दले भ्रमण वा घुमफिरलाई बुझाए पनि पछिल्लो समय विकसित, अल्पविकसित र विकाशोन्मुख सबै राष्ट्रको आर्थिक समृद्धिका लागि पर्यटन महत्वपूर्ण कडी बनेको छ। पर्यटन आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। कुनैपनि देशका नागरिकले आफ्नै देशको विभिन्न भू-भागमा गएर भ्रमण वा घुमफिर गर्नुलाई आन्तरिक पर्यटन भनिन्छ भने एक देशबाट अर्को देशमा गएर त्यहाँका विभिन्न क्षेत्रको अवलोकन गर्नुलाई बाह्य पर्यटन भनिन्छ। दुवै खालको पर्यटनबाट कुनै पनि क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, राजनैतिक र ऐतिहासिक अवस्था तथा रीतिरिवाज, चालचलन र परम्परा बारे ज्ञान आर्जन गर्न सकिन्छ। कोरोनाले ठप्प बनेको पर्यटन क्षेत्रलाई माथि उकास्न अव राज्यका सबै संयन्त्रहरु एकजुट भएर लाग्नु आवश्यक देखिन्छ।

नेपालका सन्दर्भमा आर्थिक समृद्धिकै लागि भएपनि पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन अपरिहार्य छ। राणा शासन पूर्व नेपालमा आन्तरिक पर्यटनको चलन भएपनि बाह्य पर्यटनको खासै प्रचलन थिएन। त्यतिबेलाको समयमा बिभिन्न तीर्थस्थलका लागि गरिने धार्मिक यात्रालाई आन्तरिक पर्यटनको उदाहरण मान्न सकिन्छ। सन् १९५० बाह्य देशहरुलाई नेपालमा पदमार्गका लागि आउन दिने गरी बाह्य पर्यटन खुला गरिएको थियो। त्यसपछि तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सन् १९५३ मे २९ मा सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेपछि नेपालमा बाह्य पर्यटनको औपचारिक सुरुवात भएको हो। सन् १९५३ देखि २०२० सम्म आइपुग्दा नेपालको पर्यटन व्यवसायले कयौ मोडहरु पार गरेर पर्यटन क्षेत्र एक पर्यटन उद्योगका रुपमा विकास भएको छ। हाल वर्षेनी लाखौ बाह्य पर्यटकहरु नेपालमा भ्रमण गर्ने गरेका छन्। विश्वका रुस, बेलायत, अमेरिका, जापान, चीन, मंगोलिया, अष्ट्रेलिया, श्रीलंका, भारत लगायत विभिन्न मुलुकाबाट नेपाल प्रवेश गर्नेहरु नेपालका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्रको अवलोकन गर्दछन्। जसबाट नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुगेको छ। कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज लगायत देशका विभिन्न स्थानमा बाह्य पर्यटकहरु पुगेपनि सबैभन्दा बढी रुचाइएको क्षेत्र भने कास्कीको पोखरा रहेको तथ्याङ्क नेपाल पर्यटन बोर्डको छ। त्यसपछि रारा ताल, मनाङ, मुस्ताङ लगायतका हिमाली क्षेत्रहरु, चितवन राष्ट्रिय निकुञ्ज, कर्णालीको चिसापानी,

गोदावरी नगरपालिका तेस्रो स्थान हासिल गर्ने निबन्ध

गोरखाको मनकामना, इलामको चिया बगान, काठमाण्डौको चन्द्रागिरी डाँडा लगायतका क्षेत्र पर्यटकले  अधीक रुचाइएका क्षेत्र हुन् ।

नेपाल सरकारले सन् २०२० लाई पर्यटन वर्षको रुपमा मनाउने गरी Visit Nepal 2020 "Lifetime Experiences"  नामक नारा दिएर नेपाललाई विश्वमा चिनाउने गरी नेपाल सरकारले तयारी थालेको थियो । तर कोरोना महामारीका कारण उक्त महाअभियानमा बाधा उत्पन्न गरेको छ । अब यसवर्ष विदेशी पर्यटकको आगमन हुने सम्भावना शून्य प्राय: छ । जसले गर्दा पर्यटन उद्योगका क्षेत्रमा नयाँ र पुराना लगानी कर्ताको लागत अनुमान गर्दा राज्यले अरबौंको क्षति व्यहोर्नु परेको छ ।  तसर्थ अब आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरेर थिलोथिलो भएको पर्यटन उद्योगलाई उकास्ने तर्फ विशेष ध्यान दिनु पर्दछ । सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रका प्राकृतिक, धार्मिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक क्षेत्रको प्रचारप्रसार गर्नुपर्दछ । विश्व सम्पदा सूचिमा सूचिकृत सम्पदाको आकर्षण बृद्धि गर्ने, नयाँ पर्यटकीय गन्तव्यको खोजी र प्रचारप्रसार गर्ने, पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने बसाइँ र सुरक्षाको उचित बन्दोवस्त गर्ने लगायतका विषयमा सम्बन्धित सबै क्षेत्रका व्यक्तिहरुले आवश्यक साथ सहयोगको खाँचो पर्यटन क्षेत्रमा छ ।

नेपाल प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदामा धनी मानिन्छ । सुदूरपश्चिम क्षेत्रमा त झनै अथाह पर्यटकीय गन्तव्य भएको प्रसिद्ध धार्मिक पर्यटकीय स्थल हो । दार्चुलाको मालिकार्जुन, बैतडीको शैलेश्वरी, देहीमाण्डौ, पाताल भुमेश्वर गुफा, डडेल्धुराको उग्रतारा, अमरगढी किल्ला, अजयमेरु कोट, डागेश्वरी मन्दिर, भागेश्वर मन्दिर, परशुराम क्षेत्र, डोटीको शैलेश्वरी, अछामको रामारोशन, खप्तड क्षेत्र, बझाङको चैनपुर, कैलालीको घोडाघोडी, गोदावरी, टीकापुर र कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, महाकाली झोलुङ्गे पुल लगायतका क्षेत्रहरु प्रसिद्ध पर्यटकीय स्थल हुन् । यी पर्यटकीय स्थलहरु प्रचारप्रसारको अभावमा ओझेलमा परिरहेका छन् ।  कोरोना महामारीकै विषय परिस्थितिमा पनि यी पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरेर आन्तरिक पर्यटक भित्र्याउन सक्यौ भने स्थानीय तह र प्रदेशको मात्र नभइ केन्द्र सरकारको आर्थिक बृद्धिमा समेत टेवा पुग्नेछ । कोरोनाबाट बच्न विश्व स्वास्थ्य संगठनले जारी गरेका सबैका उपायको अबलम्बन गरेर पनि आन्तरिक पर्यटन खुला गर्न सकिन्छ । बाह्य पर्यटकको भौतिक उपस्थिति सम्भव नभएपनि पर्यटन क्षेत्रको अडियो तथा भिडियो प्याकेज निर्माण गरेर इन्टरनेटका माध्यमबाट प्रचारप्रसार गर्न सकिन्छ । स्थानीय तहले पर्यटन क्षेत्रसँग जानकार सम्बद्ध व्यक्तिलाई पर्यटक दुतका रुपमा नियुक्त गरी डकुमेन्ट्री तयार गर्न लगाउने उक्त डकुमेन्ट्रीलाई स्थानीय तहको सहयोगमा प्रचारप्रचार गर्ने तर्फ केन्द्रित हुनुपर्छ । यसरी प्रशारण भएका डकुमेन्ट्री हेरेर एक क्षेत्रको मान्छे सजिलै सँग आन्तरिक रुपमा भ्रमण अवलोकन गर्न सक्छ ।

भीमदत्त नगरपालिका द्वारा स्थान हासिल गरेको निबन्ध

भीमदत्त नगरपालिकाले पनि भ्रमण वर्ष २०२० लाई सफल पार्न 'देवभूमि सुन्दर ठाउँ, भीमदत्त घुम्न जाउँ' भन्ने नाराका साथ पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य लिएको थियो । भीमदत्त नगरपालिका भित्र थुप्रै पर्यटकीय क्षेत्र रहेका छन् । प्रसिद्ध झिलमिला ताल, प्राचीन सिद्धनाथ बैजनाथ मन्दिर, भम्केनी धार्मिक क्षेत्र, विष्णु मन्दिर, काली ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, हात्तीसार, एसियाकै दास्रो लामो महाकाली झोलुङ्गे पुल भीमदत्त नगरपालिका भित्रका महत्वपूर्ण पर्यटकीय क्षेत्र हुन् । भीमदत्त नगरपालिकाले यी सबै क्षेत्रको प्रचारका लागि थोरै जमर्को गरेको पाइन्छ । यी क्षेत्रहरुमा आन्तरिक पर्यटकको संख्या बढाउन सके भीमदत्तको आर्थिक समृद्धि हुनेछ । कञ्चनपुरको भीमदत्त नगरपालिका वाहेक जिल्लाका बिभिन्न स्थानमा पर्ने वेदकोट ताल, बतासे झरना, लिङ्गा धार्मिक क्षेत्र, प्यारा ताल, बन्दा ताल, कृष्णसार संरक्षित क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रका घाँसे मैदान, हात्तीका बथान, पाटेबाघ, बाह्रसिंगे र मृगका झुण्ड, कृष्णसार, चितुवा, लगायतका जनावर तथा बिभिन्न प्रकारका चराचुरुङ्गीहरु पर्यटकको आकर्षणको रुपमा रहेका छन् । यस्ता प्राकृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र विकासका लागि कोरोना महामारी कै बेला पनि यथासम्भव प्रयास गर्नु आवश्यक छ ।

प्राकृतिक सम्पदा मात्र होइन साँस्कृतिक दृष्टिमा समेत कञ्चनपुरको भीमदत्त सहित सिंगो देश नैं धनी छ । कञ्चनपुरमा आदिवासी रानाथारु समुदायले मनाउने माघी, अटवारी पर्वहरु उनीहरुको भेषभूषा, बोलीचाली, रहनसहन सबैको लागि आकर्षक केन्द्र बन्न सक्छ । त्यस्तै यस क्षेत्रमा मनाइने गौरा पर्व, डेउडा, चैते, धुमारी, फाग, हुडकेली, छलिया, भुवा लगायतका नाचगान र चाँडपर्वहरु नितान्त मौलिक पर्व हुन् । सबै चाँडपर्वका फरकफरक पहिरनले झनै मौलिकता थपेको पाइन्छ । यस्ता चाँडपर्वको ऐतिहासिक महत्व र विशेषताका बारेमा जानकारी मूलक सन्देश प्रशारण गर्न सके कोरोना महामारीमा प्रशारण भएका सन्देशले महामारी अन्त्य भएपछि पनि नेपाल भित्रिने बाह्य पर्यटकलाई एकचोटी कञ्चनपुर घुम्न बाध्य बनाउने छन् ।

विश्वव्यापीकरणको दुनियाँमा हामीले पर्यटन प्रवर्द्धन र विकासको अल्पकालीन फाइदा खोज्नु हुदैन । दीर्घकालीन योजनाको निर्माण गर्न सके आज नेपालको पोखरा मन पराउने विदेशी पर्यटक भोलि कञ्चनपुरको झिलमिला ताल र खल्लामसेटीको ऱ्याफ्टिङमा रमाउन सक्छन् । शुक्लाफाटामा हात्ती सफारी गर्ने पर्यटक बतासे झरनामा नुहाएर वेटकोटमा पूजा गर्न सक्छ । ब्रम्हदेवको जैविक मार्गको अवलोकन गर्दै आएको पर्यटक शुक्लाफाँटाको रानाथारु होमस्टेमा बसेर ढिकीको स्वादमा रमाउन आतुर हुन सक्छ । पर्यटन क्षेत्रबाट आर्थिक समृद्धिका सम्भावना धेरै भएपनि चुनौति पनि उत्तिकै छन् । नेपाल विकासशील मुलुक भएकाले राज्यको लगानी पर्यटन क्षेत्रमा अन्य क्षेत्रको तुलनामा कम देखिन्छ । बेलाबेलामा बिभिन्न नाममा हुने बन्द हड्ताल र आन्दोलनले पर्यटन क्षेत्रमा ठूलो प्रभाव पार्दछ । नेपालमा प्रवेश गरेका पर्यटकलाई एक ठाउँबाट अर्को ठाउँ जान यातायातको

भीमदत्त नगरपालिका: दोस्रो स्थान हासिल गर्ने निबन्ध

सुविधा नहुनु, गाइडको अभाव हुनु, पर्यटकले आफूलाई असुरक्षित महसुस गर्नु, खान बस्न उचित व्यवस्था नहुनु लगायतका थुप्रै चुनौति वा समस्या रहेका छन् । यस्ता समस्याको निराकरणका लागि पनि सरकारी गैरसरकारी निकायहरु सक्रिय भएर लाग्नु पर्दछ ।

कोरोना महामारीका कारण नेपालमा मात्र नभई विश्वमा नै पर्यटन क्षेत्र धरासायी बनेको छ । विश्व पर्यटन संगठनको तथ्याङ्क अनुसार कोरोना महामारीका कारण ५० खर्व रुपैयाँ भन्दा बढीको आर्थिक क्षति पर्यटन क्षेत्रमा मात्रै हुने अनुमान गरिएको छ । उद्योग, वाणिज्य, शिक्षा र स्वास्थ्य सबै क्षेत्रलाई असर पुऱ्याएको कोराना महामारीले पर्यटन क्षेत्रलाई संकटमा पुऱ्याएको छ । शेयर मूल्य घटदै जानु, सुन र डलरको मूल्य बढ्दै जानु, अन्तराष्ट्रिय सहयोगमा कटौति हुनु, वैदेशिक मुद्रा सञ्चितिमा ह्रास हुनु, जनताको क्रयशक्ति घटनु, आदि विविध कारणले पनि पर्यटक क्षेत्रको भविष्य अन्धकार बन्न पुगेको छ । महामारी अन्त्य भएपनि तत्कालै नेपालमा विदेशी पर्यटकहरु आउने सम्भावना कम देखिन्छ । विदेशी मुलुकहरुले महामारीमा विग्रीएको आफ्नो आर्थिक अवस्था सुधार गर्नमा केन्द्रित हुने भएकाले तत्काल नेपालमा बाह्य पर्यटक आउने सम्भावना निकै कम छ । यस्तो विषय परिस्थितिमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु नै उक्त विकल्प हुन्छ । धरासायी बनेको पर्यटन व्यवसायलाई माथि उकास्न सरकारी र गैरसरकारी सबै संस्थाको सहकार्य आवश्यक छ । राज्यका तर्फबाट पर्यटन प्रवर्द्धनका लागि अल्पकालीन र दीर्घकालिन योजना निर्माण गर्नुपर्छ । अल्पकालीन योजना अन्तर्गत पर्यटन व्यवसायीका लागि राहातका कार्यक्रम घोषणा गर्ने, बैङ्किङ किस्ताको अवधी लम्ब्याएर तथा कर छुट सम्बन्धी कार्यक्रम ल्याएर पर्यटन प्रवर्द्धनमा लाग्न प्रोत्साहित गर्ने, सरकारी तथा नीजि क्षेत्रका कर्मचारीहरुका लागि सम्बन्धित संस्थानले आन्तरिक पर्यटकीय क्षेत्रको सात दिने वा दश दिने भ्रमण प्याकेज ल्याउनु पर्छ । दीर्घकालीन योजना अन्तर्गत परम्परागत महत्व झल्काउने र जीर्ण अवस्थामा रहेका पर्यटकीय सम्पदाको पुनर्निर्माण, नयाँ क्षेत्रको खोजी तथा प्रचारप्रसार, राज्यका उपलब्ध स्रोत साधन उच्चतम् सदुपयोग र परिचालन, उचित सुरक्षाको प्रबन्ध, महामारी अवधीका लागि छुट्टै कार्ययोजनाको निर्माण, मौलिक कला, संस्कृति, सभ्यता र परम्पराको संरक्षणमा राज्यको लगानी परिचालन भुकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण आदि कुरामा जोड दिनु पर्दछ ।

अवको पर्यटन आन्तरिक पर्यटनबाट प्रारम्भ गरेर मात्रै समृद्धिको ढोकामा पुग्न सकिन्छ । कोरोना महामारीले अन्तराष्ट्रिय सीमानाका बन्द रहेको वर्तमान परिप्रक्ष्यमा हामी भ्रमण वर्षका लागि संघ, प्रदेश र स्थानीय तहले पर्यटन प्रवर्द्धनका लागि विनियोजन गरेको वजेट परिचालन गरेर आन्तरिक पर्यटनलाई थप विकास र विस्तार गर्न सक्छौं । आन्तरिक पर्यटकहरुको आर्थिक अवस्थालाई मध्यनजर गरी कम खर्चमा धेरै क्षेत्रको अवलोकन गर्न सक्ने योजना सरकारले ल्याउनु पर्छ । उक्त योजनामा नीजि क्षेत्रले पनि सक्दो सहयोग गर्नुपर्छ । विद्युतीय डिजिटल माध्यम फेसबुक, इमो, युटूब, गुगल, ट्विटर तथा विभिन्न

भीमदत्त नगरपालिका तेस्रो स्थान हासिल गरेको निबन्ध

अनलाइन मिडियाको बढीभन्दा बढी उपयोग गरी पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्न सकिन्छ । पश्चिमको मान्छे पूर्वको इलाम र पूर्वको मान्छे पश्चिमको शुक्लाफाँटा पुग्न सक्ने सहज वातावरणको सिर्जना गरिनु पर्छ । विगत वर्षमा जस्तो पर्यटकहरु अव ठूलो समूहमा धेरै लामो समयका लागि घुम्न निस्किने सम्भावना न्यून छ । यस्तो अवस्थामा आन्तरिक भ्रमणमा निस्केको सानो समूह प्रवर्द्धन गर्ने खालका प्याकेज ल्याउनु अति आवश्यक छ । २१ औँ शताब्दीको यस परिवेशमा विश्वका विकसित मुलुक समेत पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक क्रान्तिको नयाँ आमाय थप्ने कोसिसमा छन् । नेपाल जस्तो आर्थिक उन्नति चाहाने मुलुकले पर्यटन बिना समृद्धिका सपना पूरा गर्न सक्दैन । सबै क्षेत्रले समन्वयात्मक ढङ्गले अगाडि बढन सके पक्कै पनि नेपालको पर्यटन फेरि माथि उठने छ । नेपाल सरकारले सुरु गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई सार्थक बनाउन पनि पर्यटन क्षेत्रको प्रबर्द्धन गर्नु अति आवश्यक छ ।

नाम : केशवराज पन्त
ठेगाना : भीमदत्त नगरपालिका वडा नम्बर-३ भाँसी, कञ्चनपुर
मोवाइल नम्बर : 9848706649 / 9809416819
इमेल : keshabpant99@gmail.com

भीमदत्त नगरपालिका प्रथम स्थान हाँशिल गरेको निबन्ध